बैठक मिति : २०७७/०५/२
बैठक संख्या : २

छलफल तथा निर्णय

१. अर्थ मन्त्रालयबाट आयोगको राय सुझाव तथा सहमतिका लागि प्राप्त 'आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७७' को मस्यौदा सम्बन्धमा पूर्वाधार तथा उत्पादन महाशाखाबाट प्रस्तुत राय सुझावमा आयोगको बैठकबाट प्राप्त सुझाव समेत समावेश गरी पृष्ठपोषण सहित सैद्धान्तिक सहमति प्रदान गर्ने।

२. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट आयोगको सैद्धान्तिक सहमतिका लागि प्राप्त 'स्वास्थ्य क्षेत्रको लैगिंक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७७' को मस्यौदाका सम्बन्धमा सुशासन तथा सामाजिक विकास महाशाखाबाट प्रस्तुत राय सुझावमा आयोगको बैठकबाट प्राप्त सुझाव समेत समावेश गरी पृष्ठपोषण सहित सैद्धान्तिक सहमति प्रदान गर्ने।

३. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट आयोगको राय सुझाव तथा सहमतिका लागि प्राप्त 'सामाजिक समावेशीकरण नीति, २०७६' को मस्यौदाका सम्बन्धमा सुशासन तथा सामाजिक विकास महाशाखाबाट प्रस्तुत राय सुझावमा आयोगको बैठकबाट प्राप्त सुझाव समेत समावेश गरी पृष्ठपोषण सहित सैद्धान्तिक सहमति प्रदान गर्ने।

४. अर्थ मन्त्रालयबाट आयोगको राय सुझावका लागि प्राप्त **Enhancing Gender Equality and Social Inclusion Results in South Asia Developing Member Countries** सम्बन्धी तयार भएको **Technical Assistance Report** सम्बन्धमा आर्थिक व्यवस्थापन महाशाखाबाट प्रस्तुत राय सुझावमा आयोगको बैठकबाट प्राप्त सुझाव समेत समावेश गरी पठाउने।

५. अर्थ मन्त्रालयबाट आयोगको राय सुझावका लागि प्राप्त 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७' को मस्यौदाका सम्बन्धमा आर्थिक व्यवस्थापन महाशाखाबाट प्रस्तुत राय सुझावमा आयोगको बैठकबाट प्राप्त सुझाव समेत समावेश गरी पठाउने।